# मुस्ताङ जिल्ला अदालत

जोमसोम, मुस्ताङ

पत्र संख्याः ०८०/८१
च.नं.:- ३३४
प्राप्त पत्र संख्या र मितिः

☎ ०६९-४४००९५
०६९-४४०४०८
फ्याक्सः ०६९-४४००९५
Email:info.dcmustang@supremecourt.gov.np

मितिः-२०८१।२।०६

सुचना सुचना सुचना

विषयः मनोनयन गर्ने सम्बन्धमा।

उपर्युक्त विषयमा बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ३० बमोजिम बालबालिकाले गरेको कसूरजन्य कार्यको सुरु कारवाही, सुनुवाइ र किनारा गर्न जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी र बालमनोविज्ञान वा बाल विशेषज्ञ सदस्यको रुपमा रहने गरी बाल अदालत/इजलासको गठन गर्ने व्यवस्था भए बमोजिम हाल सबै जिल्ला अदालतमा बाल इजलास गठन भई बालबालिका सम्बन्धी मुद्दाको सुरु कारबाही, सुनुवाइ र किनारा हुदै आएको अवस्था छ।समाजसेवी/बालमनोविज्ञको रिक्ततालाई पुर्तिगरी बाल ईजलासलाइ पूर्णता प्रदान गर्न यस सचिवालयबाट प्रदान गर्न लागेको बालमनोविज्ञान र बाल न्याय सम्बन्धी दुई महिने तालिममा (श्रव्यदृश्य र भौतिक उपस्थिति मार्फत) बाल मनोविज्ञान हुन योग्यता पुगेका ब्यक्तिहरुलाई तालीम प्रदान गर्ने भनी केन्द्रीय बाल न्याय समितिको सदस्य सचिव एवं सर्वोच्च अदालतका रजिष्ट्रार स्तरबाट मिति २०८१।०२।०२ मा निर्णय भएको हुँदा तहाँ अदालतबाट बालमनोविज्ञ हुन बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १४ बमोजिम योग्यता पुगेका मनोविज्ञान सम्बन्धी विषय अध्यन गरेका, स्थानीय र अदालतले सेवा लिन चाहेको बखत उपस्थित हुन सक्ने व्यक्तिलाई प्राथमिकता दिइने हुँदा तालिम लिन ईच्छुक १ (एक) जना मनोनयन गरि पठाईदिनुभनि लेखिआएकोले यो सुचना प्रकाशन गरिएको छ सुचना प्रकाशन भएको मितिले ०७ (सात) दिनभित्र यस अदालतमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

आवाश्यक योग्यता

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट मनोबिज्ञान, विषय लिई कम्तीमा स्नातक तह वा सो-सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरी बालअधिकार वा मनोबिज्ञानका सम्बन्धमा कम्तीमा दुई महिनाको तालिम प्राप्त गरेको।

(ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

(ग) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि हिमाली जिल्लामा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ब्यक्ति उपलब्ध हुन नसकेमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी बाल अधिकार वा मनोबिज्ञानका सम्बन्धमा कम्तीमा दुई महिनाको तालीम प्राप्त गरेको ब्यक्तिलाई नियुक्त गर्न बाधा पर्ने छैन।

तालिम तथा सेवा सुविधा सम्बन्धी विवरण।

तालिम संचालन हुने मिति २०८१।०२।१६ देखि २०८१।०३।२४ गतेसम्म (श्रव्यदृश्य मार्फत) र मिति २०८१।०३।२७ देखि२०८१।०४।१० गतेसम्म (भौतिक उपस्थिति मार्फत)।

समयः- दिउसो १:०० देखि ५:०० बजेसम्म।

तालिम अवधिभर प्राप्त हुने भत्ता रकमः- रु.२,१००।– प्रतिदिनको दरले (भौतिक उपस्थितिमा) सहभागीले बिहान बेलुकाको खाना तथा बस्ने ब्यवस्था आफैले गर्नुपर्नेछ।

२०८१/०२/०६

दिव्यराज घिमिरे
सेस्तेदार (उप-सचिव)

सेस्तेदार
(उप-सचिव)